चिकित्सा शिक्षा आयोग

# बुलेटिन




अर्धवार्षिक बुलेटिन वर्ष ४ २०८०/८१ अङ्क २

## पृष्ठभूमि

चिकित्सा शिक्षा क्षेत्रलाई नेपालको राष्ट्रिय आवश्यकता अनुरुप विकास गर्न, चिकित्सा शिक्षालाई नियमन गरी एकीकृत, चुस्त तथा गुणस्तरीय बनाउन, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोग गठन भएको हो। उक्त ऐनले आयोगलाई चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय नीति, मापदण्ड र आधार निर्धारण गर्ने, संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाक सबै तह तथा विधाको मापदण्ड र स्तर सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने, प्राज्ञिक उन्नयन तथा अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्ने, प्रत्यायन सम्बन्धी नीति आधार तथा मापदण्ड निर्धारण गर्ने, आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने, शिक्षण संस्था स्थापनाको नक्साङ्कन स्वीकृत गर्ने, आशयपत्र तथा सम्बन्धन सम्बन्धी कार्य गर्ने, एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका प्रत्यायनका आधार स्वीकृत गर्ने तथा बोर्डले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने, विश्वविद्यालय र प्रतिष्ठानहरूलाई नियमन गर्ने लगायतका जिम्मेवारी प्रदान गरेको छ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ एवम् विभिन्न कार्यविधि तथा निर्देशिका र निर्णयबमोजिम चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र भित्र रहेका विषयहरूको कार्यसम्पादन गरी सो सम्बन्धी जानकारी सम्बन्धित सरोकारवालाहरू समक्ष पुर्याउने उद्देश्यका साथ अर्धवार्षिक रूपमा बुलेटिन प्रकाशन गर्ने गरिएको छ। यस अङ्कमा मूलत: आयोगका विभिन्न निर्देशनालयअन्तर्गत २०८० माघदेखि २०८१ असारसम्म सम्पन्न भएका मुख्य मुख्य कार्यहरू तथा आयोगद्वारा आयोजना गरिएका विभिन्न छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरूका प्रमुख झलकहरू समेत समावेश गरिएको छ।

## विषयसूची

१. सचिवालय ........................................ १
(क) चिकित्सा शिक्षा आयोगका विद्यमान पदाधिकारीहरू .............................. १
(ख) आयोगका मुख्य निर्णयहरू .................... २
(ग) कार्यकारी समिति र यसका मुख्य निर्णयहरू. २
२. निर्देशनालयबाट सम्पादन भएका मुख्य कार्यहरू.. ५
(क) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय .................................. ५
(ख) मापदण्ड तथा प्रत्यायन निर्देशनालय ......... ८
(ग) परीक्षा निर्देशनालय ................................ ९
(घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज ११
३. कानुन शाखाको मुद्दासम्बन्धी विवरण .............. १४
४. आयोगका अन्य गतिविधिहरू........................ १४
५. कार्यक्रमका केही झलकहरू .......................... १५

## १. सचिवालय

### (क) चिकित्सा शिक्षा आयोगका विद्यमान पदाधिकारीहरू

चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति, मापदण्ड, बजेट तथा कार्यक्रम, पाठ्यक्रम, परीक्षा सञ्चालन, उपाधि तथा मूल्याङ्कन लगायतका काम कर्तव्य तथा अधिकार उल्लेख गरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ मा चिकित्सा शिक्षा आयोगको गठनसम्बन्धी प्रावधान रहेको छ । उक्त प्रावधान बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगका मौजुदा पदाधिकारी र सदस्यहरू सम्बन्धी विवरण देहायबमोजिम रहेको छ ।

| क्र.स. | नाम | पद तथा ठेगाना | आयोगको जिम्मेवारी |
|---|---|---|---|
| १ | सम्माननीय प्रधानमन्त्री<br>केपी शर्मा ओली | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अध्यक्ष |
| २ | माननीय विद्या भट्टराई | मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सहअध्यक्ष |
| ३ | माननीय प्रदीप पौडेल | मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सहअध्यक्ष |
| ४ | प्रा.डा. अन्जनी कुमार झा | उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग | उपाध्यक्ष |
| ५ | १.माननीय गीता कुमारी पौड्याल अधिकारी (शिक्षा)<br>२.माननीय प्रा.डा. आर.पी. विच्छा (स्वास्थ्य) | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) | सदस्य |
| ६ | प्रा.डा. केशरजंग बराल मगर | उपकुलपति, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| ७ | प्रा.डा. भोला थापा | उपकुलपति, काठमाडौं विश्वविद्यालय | सदस्य |
| ८ | प्रा.डा. भुपेन्द्र बस्नेत | उपकुलपति, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (NAMS) | सदस्य |
| ९ | डा. दिपक काफ्ले | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| १० | डा. रोशन पोखरेल | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ११ | प्रा.डा. देवराज अधिकारी | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| १२ | | उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् | सदस्य |
| १३ | डा. सन्तोषकुमार ठाकुर | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् | सदस्य |
| १४ | प्रा.डा. गेहनाथ बराल | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | सदस्य |
| १५ | प्रा. सरला के.सी. | अध्यक्ष, नेपाल नर्सिङ परिषद् | सदस्य |
| १६ | श्री सुवोध कुमार शर्मा | अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | सदस्य |
| १७ | श्री प्रज्वलजङ्ग पाण्डे | अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल | सदस्य |
| १८ | श्री ललित मोहन पन्त | दशरथ चन्द न.पा. - १२, बैतडी<br>अध्यक्ष, नेपाल फार्मेसी एशोसिएसन | सदस्य |
| १९ | प्रा. मन कुमारी राई | विराटनगर म.न.पा. - ११, मोरङ<br>अध्यक्ष, नेपाल नर्सिङ संघ | सदस्य |
| २० | श्री पुष्पा कुमारी घिमिरे | चन्द्रागिरी न.पा. - १३, काठमाडौं<br>नागरिक समाजका लब्ध प्रतिष्ठित | सदस्य |
| २१ | श्री दामोदर रोका | बरहथवा न.पा. - ५, सर्लाही<br>नागरिक समाजका लब्ध प्रतिष्ठित | सदस्य |
| २२ | प्रा.डा. चोपलाल भुषाल | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य |
| २३ | प्रा.डा. युवराज शर्मा | ललितपुर म.न.पा. - ९, ललितपुर<br>चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| २४ | प्रा. तक्मा के.सी. | गढवा गा.पा. - ६, दाङ<br>चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| २५ | प्रा. सुभद्रा श्रेष्ठ प्रधान | कीर्तिपुर न.पा. - १, काठमाडौं<br>चिकित्सा शिक्षा विज्ञ | सदस्य |
| २६ | डा. अनिल विक्रम कार्की | अध्यक्ष, नेपाल मेडिकल एशोसिएसन | सदस्य |

| क्र.स. | नाम | पद तथा ठेगाना | आयोगको जिम्मेवारी |
|---|---|---|---|
| २७ | श्री ज्ञानेन्द्र मान सिंह कार्की | अध्यक्ष, निजी मेडिकल र डेन्टल शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक संगठन | सदस्य |
| २८ | डा. पदम बहादुर खड्का | अध्यक्ष, मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रिय स्तरको आधिकारिक संगठन | सदस्य |
| २९ | श्री कृष्ण प्रसाद काप्री | सहसचिव, चिकित्सा शिक्षा आयोग | सदस्य-सचिव |

### (ख ) चिकित्सा शिक्षा आयोगका मुख्य निर्णयहरू

- चिकित्सा शिक्षातर्फ प्रमाणपत्र तहका शैक्षिक कार्यक्रम सञ्चालनको लागि आशयपत्र प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सिफारिस भई आएका २२ वटा शिक्षण संस्थाहरूलाई आशयपत्र प्रदान गर्ने
- चिकित्सा शिक्षाका स्नातक, स्नातकोत्तर र सो भन्दा माथिल्लो तहको वार्षिक शैक्षिक क्यालेन्डर आयोगको कार्यकारी समितिबाट वार्षिक रूपमा तर्जुमा भई कार्यान्वयन हुँदै आएकोमा आगामी शैक्षिक सत्रदेखि चिकित्सा शिक्षा प्रमाणपत्र तह समेतको शैक्षिक क्यालेण्डर तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- चिकित्सा शिक्षातर्फ प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनको आशयपत्र र सोको नवीकरण सम्बन्धी शुल्क राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची-२ को अन्य कार्यक्रमको खण्डमा उल्लेख भए बमोजिम लिने र सम्बन्धन सिफारिस निवेदन दस्तुर बापत प्रति कार्यक्रम रू १०,०००/- का दरले लिने।
- चिकित्सा शिक्षातर्फ विभिन्न तह र विधाको एकीकृत प्रवेश परीक्षाको नतिजा र म्याचिङको नतिजा प्रोसेसिङ् सम्बन्धी कार्यलाई थप विश्वसनीय, शुद्ध र त्रुटीरहित बनाउन परीक्षा प्रणाली सञ्चालनमा आइटीको प्रोसेसिङ् सम्बन्धी समानान्तर प्रणाली स्थापनाको लागि आवश्यक प्रबन्ध मिलाउन कार्यकारी समितिलाई स्वीकृति दिने।
- चिकित्सा शिक्षा आयोगबाट विभिन्न सेवा लिने क्रममा विश्वविद्यालय/प्रतिष्ठान/शिक्षण संस्था/व्यक्तिबाट आयोगको आन्तरिक कोषमा दाखिला हुन आएको निर्धारित शुल्क/नर्म्स भन्दा बढी रकम वा तिर्नु नपर्ने रकम सम्बन्धित शिक्षण संस्था वा व्यक्तिलाई फिर्ता गर्ने प्रयोजनकालागि आवश्यक बजेट व्यवस्था गर्न आन्तररिक कोषतर्फ स्वीकृत बजेट तथा कार्यक्रम संशोधन गर्ने।
- आयोगको आन्तरिक स्रोतबाट सेवा शुल्क बापतको रकम भुक्तानी हुने तथा आवश्यकता अनुसार सालवसाली रूपमा कार्यकारी समितिले नियुक्ति गर्ने गरी प्राविधिक तथा प्रशासनिक कार्यसम्पादनको लागि सेवा करार लिन पेश भएको प्रस्ताव स्वीकृत गर्ने।
- आयोगबाट प्रमाणपत्र तहतर्फ विभिन्न मितिमा आशयपत्र पाएका तथा स्तरोन्नति भएका विभिन्न शिक्षणसंस्थाहरूको लागि सिट निर्धारण भएकोमा त्यस्ता शिक्षण संस्थाहरूको सम्बन्धन सिफारिसको प्रक्रियालाई अगाडि बढाउने।
- विभिन्न ५५ वटा शिक्षण संस्थाहरूलाई प्रमाणपत्र तहको शैक्षिक कार्यक्रम सञ्चालनका लागि सिट निर्धारण गर्ने।
- आर्थिक वर्ष २०८१/०८२ को लागि आयोगको आन्तरिक श्रोततर्फ क्रियाकलापगत बजेट तथा कार्यक्रम कार्यकारी समितिबाट स्वीकृत हुने गरी खर्च शीर्षकगत रूपमा जम्मा ५२ करोड ८५ लाख २७ हजार रूपैंयाको व्यय अनुमान स्वीकृत गर्ने।
- वि एण्ड सि मेडिकल कलेज एण्ड रिसर्च सेन्टर विर्तामोड-५ झापालाई सम्बन्धन दिन काठमाडौं विश्वविद्यालय धुलिखेल काभ्रेलाई सिफारिस गर्ने।

### (ग) कार्यकारी समिति र यसका मुख्य गतिविधिहरू

चिकित्सा शिक्षा आयोगको कार्यकारी नियकाको रूपमा काम गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐनको परिच्छेद ४ को दफा (८) मा चिकित्सा शिक्षा आयोगका उपाध्यक्षको अध्यक्षतामा कार्यकारी समिति रहने व्यवस्था छ। आयोगका उपाध्यक्षको अध्यक्षतामा गठन हुने उक्त समितिमा आयोगका चारजना निर्देशकहरू सदस्य रहने तथा चिकित्सा शिक्षा आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुई जना सदस्यहरू रहने प्रावधान रहेको छ। आयोगका सदस्य-सचिव कार्यकारी समितिको समेत सदस्य-सचिव हुने व्यवस्था छ।

कार्यकारी समितिले आयोगका निर्देशनलायहरूबीच समन्वय गरी स्वीकृत भएका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने महत्पूर्ण भूमिका निभाउने गरेको छ। निर्देशनालय तथा बोर्डबाट पेस भएका कार्ययोजना, निर्देशिका तथा मापदण्ड निर्माण तथा परिमार्जनलगायतका विषय तथा शिक्षण संस्थाको सिट सङ्ख्या निर्धारण, शिक्षण शुल्क तथा सम्बन्धनसम्बन्धी विषयमा आयोग समक्ष सिफारिस गर्ने लगायतका काम कर्तव्य तथा अधिकार तोकिएका भए पनि कतिपय कार्यहरू चिकित्सा शिक्षा आयोगले कार्यकारी समितिलाई अधिकार प्रत्यायोजन गरेबमोजिम प्रत्यायोजित अधिकारअन्तर्गत रहेर कार्यसम्पादन गर्दै आएको छ।

### कार्यकारी समितिका पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | प्रा.डा. अञ्जनी कुमार झा, उपाध्यक्ष | अध्यक्ष |
| २. | प्रा डा सरला श्रेष्ठ, निर्देशक परीक्षा निर्देशनालय | सदस्य |
| ३. | प्रा डा गुरू प्रसाद खनाल, निर्देशक नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज | सदस्य |
| ४. | प्रा डा सुजनबाबु मरहट्ठा, निर्देशक योजना समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | सदस्य |
| ५. | प्रा डा सुदिप आचार्य, निर्देशक मापदण्ड तथा प्रत्यायन निर्देशनालय | सदस्य |
| ६. | प्रा डा मनोनित सदस्य | सदस्य |
| ७. | प्रा डा मनोनित सदस्य | सदस्य |
| ८. | श्री कृष्णप्रसाद काप्री | सदस्य-सचिव |

### कार्यकारी समितिका मुख्य मुख्य निर्णयहरू:

१. आ. व. २०८०/८१ को लागि आयोगको आन्तरिक श्रोत तर्फ खर्च शीर्षकगत बजेटको सीमा स्वीकृति,

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत चिकित्सा शिक्षा तर्फ प्रमाण पत्र तहका विभिन्न कार्यक्रमहरू संचालन गर्नका लागि सिट निर्धारण,

३. भर्ना वर्ष २०७९/८०(२०२३) मा भर्ना भई अध्ययनरत स्नातक तहका विद्यार्थीहरूलाई निःशुल्क अध्ययन गराए वापत सार्वजनिक शिक्षण संस्थाहरूलाई अनुदान रकम उपलब्ध गराउने निर्णय,

४. शैक्षिक वर्ष २०८०/०८१ का लागि चिकित्सा शिक्षाका स्नातक तहमा अध्ययनका लागि सिट बाँडफाँड स्वीकृत,

५. चिकित्सा शिक्षा आयोगद्वारा संचालन हुने विभिन्न तह र विधाका एकीकृत प्रवेश परीक्षा सम्बन्धी विशिष्ट प्रकृतिका मुद्दाहरू (Issues) मा आवश्यक सहजीकरण र निर्णयका लागि छुट्टै समिति गठन,

६. स्नातक तहको Midwifery विषयको नयाँ पाठ्यक्रम तयार गरेकोले +2 बाट आएका विद्यार्थीले समेत दरखास्त दिन पाउने गरी प्रवेश परीक्षाको तयारी गरिदिन अनुरोधका लागि लेखी आएको सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरेको:
   - Bachelor of Midwifery Course अध्ययन गर्न चाहने विद्यार्थीले उक्त कोर्सको प्रवेश परीक्षा दिन BNS Course का लागि तोकिए बमोजिमको योग्यता पुगेको हुनुपर्ने,
   - B.Sc. Midwifery Course अध्ययन गर्न चाहने विद्यार्थीले उक्त कोर्सको प्रवेश परीक्षा दिन B. Sc Nursing Course कालागि तोकिए बमोजिमको योग्यता पुगेको हुनुपर्ने।

७. वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिविलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९, (पहिलो संसोधन, २०८०) स्वीकृत,

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सिट निर्धारणका लागि विभिन्न मितिमा प्राप्त पत्रका आधारमा परिषद्बाट गरिएको अनुगमन प्रतिवेदनलाई नै आधार मानी उक्त पत्रहरूसाथ पेश भएको विवरणमा कुनै फरक परेमा परिषद् कार्यालय नै स्वयं जवाफदेही हुने र प्रचलित कानून बमोजिम हुने गरी शिक्षण संस्थाहरूको सम्बन्धित कार्यक्रम र विषयको पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम सिट निर्धारण गर्ने र सोको जानकारी परिषद्लाई लेखी पठाउने,

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्रविणता प्रमाणपत्र तहका स्वास्थ्य कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरूले सञ्चालन गरेका कार्यक्रम मध्येबाट छुट्टाछुट्टै रूपमा अन्य संस्थाहरूलाई कार्यक्रम वेचविखन गर्न नपाईने तथा संस्थाहरूको नामसारी तथा ठाँउसारी एउटै जिल्लाभित्र मात्र गर्न पाउने गरी व्यवस्था मिलाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लेखी पठाउने र सरोकारवालाहरूलाई सूचित गराउन सूचना प्रकाशन गर्ने,

१०. चिकित्सा शिक्षा आयोगद्वारा गठित कार्यदलले आयोग समक्ष पेश गरेको “चिकित्सा शिक्षाको उपाधि, मान्यता र समकक्षता निर्धारण सम्बन्धी मापदण्ड, २०७९” को प्रतिवेदन कार्यान्वयनको सम्बन्धमा आवश्यक कानूनी व्यवस्थाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने,

११. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची ८ (क) मा स्नातकोत्तर तहका बिषय र कार्यक्रमहरू अन्तर्गत रहेको MD Ayurveda (Kayachikitsa) को नाम संशोधन गरी MD Ayurveda कायम गर्नको लागि अनुसूची संशोधन सम्बन्धमा प्रकृया अगाडि बढाउन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत नेपाल सरकार लाई अनुरोध गर्ने,

१२. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसूची ८ (ख) मा स्नातक तहका विभिन्न विषय र कार्यक्रमहरूमा B SC Midwifery थप गर्न र देहाय बमोजिम प्रमाणपत्र तहका कार्यक्रमहरू अनुसूचीमा थप गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने,
   - a. PCL Nursing
   - b. PCL Radiography
   - c. PCL Lab Technology
   - d. PCL Physiotherapy

e. PCL Pharmacy
f. General Medicine Assistant/Health Assistant
g. PCL Ayurveda
h. PCL Midwifery

१३. वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिविलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ (पहिलो संसोधन २०८०) को दफा ३ (ख) अनुसार राष्ट्रिय स्तरका बैदेशिक परीक्षाहरूको सूचीमा पाकिस्तानको Joint Centralized Admission Test (JCAT) लाई सूचिकृत गर्ने,

१४. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) अनुसार विदेशी, सरकारी र खुला समूहमा स्नातकोत्तर तहको लागि शैक्षिक सत्र २०८०/०८१ मा शिक्षण संस्था र शैक्षिक कार्यक्रमगत रूपमा सिट निर्धारण,

१५. चिकित्सा शिक्षाका विभिन्न तह र विधाका शैक्षिक कार्यक्रममा लिइने शुल्कका सम्बन्धमा आयोगबाट हालसम्म कार्यविधि तर्जुमा भई नसकेको अवस्थामा कार्यविधिको मस्यौदा तयार गर्न कार्यदल गठन,

१६. आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी आन्तरिक कार्यविधि, २०७८ मा तेस्रो संशोधन,

१७. चिकित्सा शिक्षाका स्नातक, स्नातकोत्तर र DM/MCh तहका सबै विधाका प्रश्नपत्र तयारीका लागि प्रश्नपत्र बैंक स्थापना र सञ्चालन सम्बन्धमा सैद्धान्तिक अवधारणा पत्र तयारी कार्यदल गठन,

१८. चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ को पहिलो संशोधन स्वीकृत,

१९. चिकित्सा शिक्षामा अध्ययन अनुसन्धान सम्बन्धी निरन्तर सुझाव प्रदान गर्न Medical Education Research Committee गठन,

२०. चिकित्सा शिक्षा स्नातक तहको MBBS कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाका लागि सिट निर्धारण गर्न स्वीकृत आधार र मापदण्ड (Yardsticks) को परिमार्जन सहित MBBS, BDS, B.Sc. Nursing, BNS, BMS, BPH, B.MLT, B. Optometry and B. Pharmacy शैक्षिक कार्यक्रमकालागि आधार र मापदण्ड (Yardsticks) स्वीकृत,

२१. आर्थिक वर्ष २०८१/८२ को लागि आयोगको आन्तरिक स्रोततर्फको बजेट तथा कार्यक्रम स्वीकृत।

## २. निर्देशनालयहरूबाट सम्पादन भएका मुख्य कार्यक्रम

### (क) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

#### १) अनुदान रकम निकासा

आ व २०८०/०८१ मा आयोगको लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत निःशुल्क छात्रवृत्तिमा अध्ययन गराए वापत चिकित्सा शिक्षा प्रदायक शिक्षण संस्थालाई अनुदान (स्नातकोत्तर तह) शीर्षकमा विनियोजित बजेट मध्येबाट सार्वजनिक शिक्षण संस्थामा विभिन्न आर्थिक वर्षमा भर्ना भई अध्ययनरत विद्यार्थीको निर्वाह भत्ता एवं सञ्चालन खर्च वापतको रकम आ. व. २०८०/०८१ को दोश्रो चौमासिक अवधिमा निकासा गर्दा बाँकी हुन आएको रकममध्येबाट भर्ना वर्ष २०८० मा भर्ना भएका सोही तहको विद्यार्थीलाई निःशुल्क अध्ययन गराए वापत सम्बन्धित शिक्षण संस्थाहरूलाई आवासीय चिकित्सकको प्रथम ४.४ (२०८१ बैशाख - श्रावण) महिनाको निर्वाह भत्ता वापतको अनुदान रकम निकासा सम्बन्धी विवरण :

| क्र.सं | विश्वविद्यालय / स्वास्थ्य विज्ञान प्रतिष्ठान | निर्वाह भत्ता रकम (रू.) |
|---|---|---|
| १ | त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान, काठमाडौ | २९५९३१०६ |
| २ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुर | ११३६५४६८ |
| ३ | वि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | २०१५७६२३ |
| ४ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | ८५७७७१ |
| ५ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, काठमाण्डौ | १९२९९८५२ |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्की | ६४३३२८४ |
| ७ | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङ | ८५७७७१ |
| | **जम्मा** | **८८५६४८७६** |

यसैगरी चिकित्सा शिक्षा स्नातक तहमा निःशुल्क अध्ययनका लागि सार्वजनिक शिक्षण संस्थामा विभिन्न वर्षमा भर्ना भएका विद्यार्थीलाई निःशुल्क अध्ययन गराए वापत देहाय बमोजिमको सार्वजनकि शिक्षण संस्थालाई निकासा गरिएको अनुदान रकमको विवरण :

#### २) राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रबोधीकरण

चिकित्सा शिक्षा प्रदायक विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाका प्रतिनिधिलाई सहभागी गराई चिकित्सा शिक्षा स्नातक तहको राष्ट्रिय पाठ्यक्रम प्रारूपको प्रबोधीकरण गर्ने कार्य यस अघि काठमाण्डौ, बर्दिवास र बुटवलमा सञ्चालन भएकोमा उक्त कार्यक्रममा समावेश गर्न नसकिएका कोशी प्रदेशको मोरङ तथा सुनसरी जिल्लास्थित शिक्षण संस्थाका प्रतिनिधिहरूलाई सहभागी

गराई मिति २०८० साल जेठ २० गते विराटनगरमा प्रारूपको प्रबोधीकरण कार्यक्रम सञ्चालन गरी सम्बन्धित शिक्षण संस्थामा हाल कार्यान्वयनमा रहेको स्नातक तहको पाठ्यक्रमलाई समसामयिक परिमार्जनका लागि सहजीकरण गरिएको छ ।

### ३) विद्यार्थी सत्यापन र अनुदान रकमको हिसाव मिलान

चिकित्सा शिक्षाको विभिन्न तह र विधामा निःशुल्क अध्ययनका लागि छनौट भएका विद्यार्थी सम्बन्धित शिक्षण संस्थामा भर्ना भए लगत्तै वा अध्ययन पूरा नहुँदै बीचैमा अध्ययन छाड्ने क्रम बढ्दै जाँदा छात्रवृत्ति व्यवस्थापनका लागि राज्यले गरेको लगानीको सही सदुपयोग नहुने जोखिम बढ्दै गएको र विविध कारण देखाई शिक्षण संस्थाहरूले आफ्ना विद्यार्थीहरू अन्यत्र स्थानान्तरण गर्ने प्रवृत्ति संस्थागत हुँदै गएको कारण अनुदान रकमको अनुचित प्रयोगलाई नियन्त्रण गर्न र छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरूको अभिलेखलाई अध्यावधिक गर्न जरूरी देखियो । त्यसैले चिकित्सा शिक्षा प्रदायका सबै शिक्षण संस्थाहरूमा स्थलगत अनुगमनका लागि आयोगबाट अनुगमन टोली परिचालन गरी विद्यार्थी सत्यापन कार्य सम्पन्न गरियो । विद्यार्थीहरूलाई निःशुल्क अध्ययन गराए वापत सम्बन्धित सार्वजनकि शिक्षण संस्थालाई विभिन्न आर्थिक वर्षमा अनुदान रकम निकासा भएकोमा अध्ययन पूरा नगरी बीचैमा पढाइ छाड्ने विद्यार्थीको नाममा शिक्षण संस्थाहरूलाई गएको हालसम्मको अनुदान रकम स्नातक तहको हकमा आ. व. २०८०/०८१ को असार महिनाको निकासामा सम्बन्धित शिक्षण संस्थालाई जाने अनुदान रकमबाट कट्टा गरी हिसाव मिलान गरी सकिएको छ भने स्नातकोत्तर तह र सो भन्दा माथिको हकमा आ. व. २०८१/०८२ मा हुने पहिलो पटकको अनुदान निकासामा कट्टा गरी मिलान गरिनेछ ।

### ४) सिट निर्धारण

भर्ना वर्ष २०८१ मा चिकित्सा शिक्षा DM/MCh तहको शैक्षिक कार्यक्रम सञ्चालनका लागि विषयगत रूपमा सिट दावी सहित सेल्फ अप्राइजल फारम भरेका शिक्षण संस्थाहरूको स्थलगत अनुगमनका लागि आयोगबाट खटाइएका विज्ञ टोलीको प्रतिवेदनको आधारमा सिट निर्धारण सिफारिस समितिको सिफारिस बमोजिम शिक्षण संस्थागत र विषयगत रूपमा देहाय बमोजिमको सिट निर्धारण गरियो ।

**MCh Seats Allocation, 2024**

| SN | Institutions | GI Surgery | Urology | Neuro surgery | Pediatric Surgery | Cardio Thoracic and Vascular Surgery | Plastic Surgery | Total Seat Allocation |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Birat Medical College, Biratnagar, Morang | | | | | | | 0 |
| 2 | BPKIHS, Dharan, Sunsari | 1 | | | | 1 | | 2 |
| 3 | CMC, Bharatpur, Chitawan | 1 | 1 | 1 | | | | 3 |
| 4 | COMS, Bharatpur, Chitawan | 2 | 1 | 1 | | | | 4 |
| 5 | GMC Pokhara, Kaski | | | | | | | 0 |
| 6 | KIST Medical collge Gwarko, Lalitpur | 1 | 1 | | | | 0 | 2 |
| 7 | KMC, Sinamagal, Kathmandu | 1 | 1 | 2 | 0 | | 0 | 4 |
| 8 | KUSMS Dhulikhel, Kabhre | 1 | | | | | | 1 |
| 9 | Manipal College, Pokhara, Kaski | | | | | | | 0 |
| 10 | MMC Maharjgunj Kathmandu | 2 | 2 | 2 | 1 | 2 | 2 | 11 |
| 11 | NAMS Kathmandu | 2 | 2 | 2 | 1 | 2 | 2 | 11 |
| 12 | NMC Birgunj, Parsa | | | | | | | 0 |
| 13 | NMC, Jorpati, Kathmandu | 1 | 1 | | | | | 2 |
| 14 | Nobel Medical College, Biratnagar, Morang | - | 1 | 1 | - | 0 | - | 2 |
| 15 | UCMS Bhairahawa, Rupandehi | | | | | | | 0 |
| 16 | Nepalese Army Institute of Health Science | 0 | 1 | | | | | 1 |
| 17 | Nepalgunj Medical College, Kohlpur Banke | | | | | | | 0 |
| **Total** | | 12 | 11 | 9 | 2 | 5 | 4 | 43 |

## DM Seats Allocation5, 2024

| SN | Institutions | Critical Care | Pulmonology | Cardiology | Nephrology | Endocrinology | Medical Hematology | Neonatology | Gastroenterology | Emergency Medicine | Neurology | Hepatology | Medical Oncology | Diabetology and Metabolic Disorder | Cardio Thoracic and Vascular Anesthesiology | Total Seat Allocation |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Birat Medical College, Biratnagar, Morang | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 0 |
| 2 | BPKIHS, Dharan, Sunsari | - | 2 | 1 | - | - | - | 2 | 1 | - | - | - | 1 | - | - | 7 |
| 3 | CMC, Bharatpur, Chitawan | 1 | 1 | 1 | - | 0 | - | - | 1 | 1 | - | - | - | - | - | 5 |
| 4 | COMS, Bharatpur, Chitawan | 1 | - | 1 | 1 | - | - | 1 | 1 | - | 1 | - | - | 2 | - | 8 |
| 5 | GMC Pokhara, Kaski | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 0 |
| 6 | KIST Medical college Gwarko, Lalitpur | 0 | - | - | 0 | - | - | - | 0 | 1 | - | - | 0 | - | - | 1 |
| 7 | KMC, Sinamagal, Kathmandu | 1 | 1 | 1 | 1 | - | - | 1 | 0 | - | 0 | - | - | - | - | 5 |
| 8 | KUSMS Dhulikhel, Kabhre | 0 | - | 2 | - | - | - | 1 | - | - | - | - | - | - | - | 3 |
| 9 | Manipal College, Pokhara, Kaski | - | - | 2 | 1 | - | - | - | 1 | - | - | - | - | - | - | 4 |
| 10 | MMC Maharjgunj Kathmandu | 3 | - | 3 | 2 | - | - | - | 1 | 1 | 2 | - | - | - | | 12 |
| 11 | NAMS Kathmandu | 2 | 2 | 4 | 2 | 1 | 1 | - | 2 | - | - | 2 | - | - | - | 16 |
| 12 | NMC Birgunj, Parsa | 0 | - | 1 | - | - | - | 0 | - | 0 | - | - | - | - | - | 1 |
| 13 | NMC, Jorpati, Kathmandu | 1 | - | - | 1 | - | - | - | - | - | - | - | - | - | - | 2 |
| 14 | Nobel Medical College, Biratnagar, Morang | 0 | 1 | 2 | 0 | - | - | 1 | 1 | - | 1 | 0 | - | - | - | 6 |
| 15 | UCMS Bhairahawa, Rupandehi | - | 0 | - | 0 | - | - | 0 | - | - | - | - | - | - | - | 0 |
| 16 | Nepalese Army Institute of Health Science | 1 | - | 1 | 0 | - | - | - | - | - | - | - | - | - | - | 2 |
| 17 | Nepalgunj Medical College | - | - | - | - | - | - | 1 | - | - | - | - | - | - | - | 1 |
| | **Total** | **10** | **7** | **19** | **8** | **1** | **1** | **7** | **8** | **3** | **4** | **2** | **1** | **2** | **0** | **73** |

### (ख) मापदण्ड तथा प्रत्यायन निर्देशनालय

आर्थिक वर्ष २०८०/ ०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मापदण्ड तथा प्रत्यायन निर्देशनालयबाट सम्पादित मुख्य मुख्य कार्यहरूको विवरण देहायबमोजिम रहेको छ ।

#### १) बैदेशिक अध्ययनका लागि अनुमतिपत्र सम्बन्धी कार्यहरू

क) आ ब २०८०/ ०८१ मा बैदेशिक अध्ययनका लागि अनुमती पाउँ भनी अनलाईन निवेदन दिएका स्नातक तहका ९७६ जना, स्नातकोत्तर तहका २९४ जना, DM/Mch का ४ जना र फेलोसिप अध्ययनका लागि ७ जनालाई अनुमति पत्र प्रदान गरिएको ।

ख) २०८० माघ देखि २०८१ असार मसान्त सम्ममा अध्ययन अनुमतिपत्र लिनेको संख्यात्मक विवरण देहाय बमोजिम रहेको छ ।

| २०८० माघदेखि २०८१ असार ३१ गते सम्म | | | | |
|---|---|---|---|---|
| | स्नातक तह | स्नातकोत्तर तह | डिएम/एमसिएच | फेलोसिप |
| नेपाल आयुर्वेद परिषद् | ० | ० | | |
| नेपाल स्वास्थ्य व्यवसायी परिषद् | २० | ३२ | | |
| नेपाल मेडिकल काउन्सिल | २५० | ६७ | २ | ४ |
| नेपाल नर्सिङ् परिषद् | १२९ | ५ | | |
| नेपाल फार्मेसी परिषद् | १३ | ७ | | |
| कूल जम्मा | ४१२ | १११ | | |

ग) वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ लाई शंशोधन गरी सरलीकृत गराई सेवा प्रवाहलाई प्रभावकारी बनाइएको । संसोधित प्रावधान बमोजिम हुने गरी वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी सफ्टवेयर अध्यावधिक गरिएको ।

#### २) शिक्षण संस्थाको अनुगमन सम्बन्धी कार्यहरू

क) आ व २०८०/०८१ मा चिकित्सा शिक्षा तर्फ स्नातक, स्नातकोत्तर र सो भन्दा माथिका कार्यक्रम सञ्चालन गर्ने सबै शिक्षण संस्थालाई सेल्फ अप्राइजल फारम भराइएको र भेरिफिकेशन गरिएको । सेल्फ अप्राइजलमा भरेका मुख्य मुख्य र आवश्यक पर्ने सूचनाहरू अनुगमनकर्ताहरूलाई उपलब्ध गराइएको ।

ख) आ व २०८०/०८१ मा चिकित्सा शिक्षा तर्फ स्नातक, स्नातकोत्तर र सो भन्दा माथिका कार्यक्रम सञ्चालन गर्ने सबै शिक्षण संस्था (९० वटा) को सिट निर्धारणका लागि सम्बन्धित विषयका विज्ञद्वारा अनुगमन गराई प्रतिवेदन संकलन गरिएको ।

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत आशयपत्र माग गरेका २४ वटा शिक्षण संस्थाको विज्ञसहितको टोलीबाट अनुगमन गरिएको ।

#### ३) World Federation for Medical Education (WFME) सम्बन्धित कार्यहरू:

- चिकित्सा शिक्षा आयोगले World Federation for Medical Education (WFME) को सदस्यता प्राप्तिको लागि कार्य थालनी गरी सो प्रक्रियाको शुरुवाती चरणमा WFME ले मागेका विवरणका साथसाथै Initial Review Fee बापत $1000 (अमेरिकी डलर एक हजार) मिति २०८० असोज ७ गते पठाई आयोगले Recognition को लागि प्रक्रिया शुरु गरेको ।
- नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/१०/१८ को निर्णयले WFME को सदस्यताका प्राप्तिको प्रक्रिया अगाडी बढाउन आयोगलाई स्वीकृत दिने निर्णय भएको । सो सदस्यता प्राप्तिका लागि WFME मा आबद्ध हुनका लागि आवश्यक फारम तथा विवरणहरू पठाइसकिएको र प्रत्यायन शुल्क वापत पहिलो चरणको $29000 (अमेरिकी डलर उन्नतिस हजार) रकम र दोस्रो चरण (WFME Recognition Programed, Part 11 fee) वापत $30000 (अमेरिकी डलर तीस हजार) रकम पनि पठाइसकिएको ।
- WFME को टोली (WFME Recognition Team) ले शैक्षिक सत्र २०८१/०८२ को स्नातक तह MBBS कार्यक्रमका लागि चिकित्सा शिक्षा आयोगबाट सीट निर्धारणका लागि खटाइएका अनुगमनकर्ताहरूले गरेको अनुगमन प्रक्रिया तथा आयोगले गरेको सीट निर्धारण प्रक्रियाको अवलोकन गर्ने प्रयोजनका लागि मिति २०८१ श्रावण ५गते देखि श्रावण १० गते (July 20-25) सम्म चिकित्सा शिक्षा आयोगको भ्रमण गर्ने समय तालिका तय भएको ।

#### ४) नर्सिङ शिक्षा सम्बन्धी कार्यहरू:

क) चिकित्सा शिक्षा नर्सिङ विधाको अध्ययन र अध्यापनमा लगायत विभिन्न विषयमा आयोगलाई सुझाव सहितको प्रतिवेदन तयार गर्न कार्यदल गठन भई सो कार्यदलले प्रतिवेदन तयार गरी पेश गरेको ।

### ५) आशयपत्र र सम्बन्धन सम्बन्धी कार्यहरूः

क) आशयपत्र, सम्बन्धन तथा प्रत्यायन सम्बन्धी आन्तरिक कार्यविधि, २०७८ लाई संसोधन गरी समसामयिक बनाइएको।

ख) चिकित्सा शिक्षा तर्फका प्रविणता प्रमाणपत्र तहका कार्यक्रम संचालनार्थ आशयपत्र माग गरेका र परिषद कार्यालयबाट सिफारिश भई आएका २४ वटा शिक्षणसंस्थामध्ये २२ वटा शिक्षण संस्थालाई आयोगको मिति २०८०/१२/०९ को बैठकको निर्णय अनुसार आशयपत्र प्रदान गरिएको।

ग) सर्वोच्च अदालतको परमादेश तथा काठमाण्डौ विश्वविद्यालयको सहमति बमोजिम आयोगको मिति २०८०/०३/०४ को बैठकको निर्णयानुसार वि एण्ड सी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा लि विर्तामोड झापालाई MBBS कार्यक्रम संचालनार्थ सम्बन्धन सिफारिश गरेको।

### ६) सीट निर्धारण सम्बन्धी कार्यहरू

क) शैक्षिक सत्र २०८१/०८२ मा चिकित्सा शिक्षा तर्फ प्रमाणपत्र तहका शैक्षिक कार्यक्रम संञ्चालन गर्ने २६७ वटा शिक्षण संस्थाको विभिन्न कार्यक्रमको सीट निर्धारण गरी परिषद कार्यालयमा पठाइएको र सो को विवरण सार्वजनिक गरिएको।उक्त संस्थाहरूको विवरण अनुसूचिमा उल्लेख गरिएको छ।

### ७) प्रत्यायन सम्बन्धी कार्यहरू

क) चिकित्सा शिक्षा तर्फका शिक्षण संस्थाको प्रत्यायन गर्ने सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको।

### ८) वार्षिक शैक्षिक क्यालेण्डर सम्बन्धी कार्यहरू

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत सञ्चालन हुने चिकित्सा शिक्षा तर्फ प्रमाणपत्र तहका कार्यक्रमको वार्षिक शैक्षिक क्यालेण्डर (आ.व. २०८१/ ०८२) लाई कार्यकारी समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने प्रयोजनका लागि परिषद कार्यालयमा पठाइएको र आयोगको वेवसाइटमा समेत राखिएको।

### ९) विविध कार्यहरूः

क) विभिन्न समिति, उपसमिति, कार्यदलहरूको बैठक सञ्चालन गरी कार्यकारी समितिबाट तोकिए बमोजिमको कार्यसम्पादन गरिएको।

## ग) परीक्षा निर्देशनलाय

चिकित्सा शिक्षा सम्बन्धी एकीकृत परीक्षा सञ्चालन गर्ने प्रमुख कार्य जिम्मेवारी परीक्षा निर्देशनालयमा रहेको छ। यसले परीक्षा सञ्चालन तथा व्यवस्थापन, परीक्षा आवेदन फारामको रुजू तथा अन्तिमीकरण, कोरा प्रश्नपत्र संकलन, सुरक्षित भण्डारण तथा परिमार्जन, परीक्षा केन्द्र निर्धारण, परीक्षा सञ्चालन, उत्तर पुस्तिका परीक्षण, संपरीक्षण तथा नतिजा प्रकाशन, योग्यताक्रम र प्राथमिकताक्रमका आधारमा म्याचिङ तथा भर्ना लगायतका कार्यहरू सम्पादन गर्ने गर्दछ। आर्थिक वर्ष २०८०/८१ को माघ महिनादेखि असार मसान्तसम्ममा यस निर्देशनालयबाट सम्पादित कार्यहरू देहायबमोजिम रहेको छ :

### १. परीक्षा सञ्चालन

चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षाका स्नातक तह, स्नातकोत्तर तह/एनबिएमएस स्पेसियालिटी र DM/MCh/NBMS-SS गरी तीनै तहमा अध्ययनका लागि विद्यार्थी छनौट गर्न एकीकृत परीक्षा सञ्चालन गर्दै आएको छ। परीक्षा निर्देशनालयबाट परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी देहायका कार्यहरू सम्पन्न गरिएका छन्।

**स्नातक तह**

- चिकित्सा शिक्षा स्नातकतहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्ना हुनको लागि छात्रवृत्ति तथा तथा सःशुल्कतर्फको म्याचिङ भएपश्चात् बाँकी रहेका सिटहरूमा समापन म्याचिङ र वैकल्पिक म्याचिङ सम्पन्न भएको।
- स्नातक तहको एकीकृत प्रवेश परीक्षामा सामेल भएका मध्ये १९,१०८ जनाले विभिन्न शैक्षिक कार्यक्रममा $50^{th}$ percentile (cut-off) Score ल्याउन सफल भएकामा १३,५३० उम्मेदवारहरूले निर्धारण गरेको प्राथमिकता तथा योग्यताक्रमका आधारमा तीन चरणको म्याचिङबाट ६,३४२ जना उम्मेदवार विभिन्न शैक्षिक संस्था तथा कार्यक्रममा भर्ना भएका।
- चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2025) का विभिन्न शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी छनौट गर्न मिति २०८१/०५/०१, ०२, ०३, ०४ र ०५ गते सञ्चालन सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षाका लागि मिति २०८१ जेठ ३० गतेदेखि २०८१ असार २५ गतेसम्म दरखास्त आव्हान गरिएकोमा एकीकृत प्रवेश परीक्षामा सहभागी हुन कुल ५१ हजार ७ सय ४४ जना परीक्षार्थीले आवेदन गरेका।

**स्नातकोत्तर तह**

- स्नातकोत्तर तहको सरकारी समूहतर्फको म्याचिङ, खुला समूहको पहिलो चरण र दोस्रो चरणको म्याचिङ, समापन म्याचिङ र वैकल्पिक म्याचिङ सम्पन्न भएको।
- स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षामा सामेल भई 50th percentile (cut-off) Score ल्याउन सफल भएका ४,००३ जनामध्ये २७४१ जना उम्मेदवारहरूले निर्धारण गरेको प्राथमिकता तथा योग्यताक्रमका आधारमा तीन चरणको म्याचिङबाट १,४६७ जना उम्मेदवार विभिन्न शैक्षिक संस्था तथा कार्यक्रममा भर्ना भएका।
- २०८१ वैशाख ७ गतेबाट कक्षा सञ्चालन भएको।

**DM/MCh/NBMS-SS तह**

- चिकित्सा शिक्षा DM/MCh/NBMS-SS (MECEE-DM/MCh2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी छनौट गर्न सञ्चालन सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षाका लागि मिति २०८१ जेठ २२ गतेदेखि २०८१ असार ३ गतेसम्म दरखास्त आव्हान गरिएकोमा एकीकृत प्रवेश परीक्षामा सहभागी हुन कुल १ सय ७४ जना परीक्षार्थीले आवेदन गरेका।

## २. स्नातक तहको शैक्षिक सत्र २०८०/८१ को सिट र भर्ना विवरण

| सि.नं. | कार्यक्रम | शैक्षिक सत्र २०८०/८१ (२०२४) | |
|---|---|---|---|
| | | सिट | भर्ना |
| 1 | B Perfusion Technology | ५ | ५ |
| 2 | BAMS | १०० | ६४ |
| 3 | BASLP | ६ | ६ |
| 4 | BDS | ५४५ | ५३० |
| 5 | BNS | ११३० | ६१३ |
| 6 | BOptometry | ८० | ८० |
| 7 | BPH | ७०० | ३०६ |
| 8 | BPharm | ७०५ | ६१५ |
| 9 | BPT | १२५ | ९३ |
| 10 | BSc Med Biochemistry | 0 | 0 |
| 11 | BSc Med Microbiology | 0 | 0 |
| 12 | BSc MIT | ८० | ६६ |
| 13 | BSc MLT | ३३५ | २४० |
| 14 | BSc Nursing | १७२० | १७२० |
| 15 | MBBS | १९२५ | १९२५ |
| 16 | Midwifery Science | १३० | ५९ |
| १७ | BSc Midwifery | २० | २० |
| | **Total** | **७६०७** | **६३४२** |

## ३. स्नातकोत्तर तहको शैक्षिक सत्र २०८०/८१ सिट र भर्ना विवरण

| क्र.सं | कार्यक्रमहरू | शैक्षिक वर्ष २०८०/८१ सिटहरू | भर्नाभएका विद्यार्थी संख्या |
|---|---|---|---|
| 1 | M.Pharm | ७५ | ४६ |
| 2 | MD Ayurveda | २ | २ |
| 3 | MD/MS | १०८४ | १००८ |
| 4 | MDS | ९२ | ९० |
| 5 | MN/Msc Nursing | २५४ | १४३ |
| 6 | M Optom | ० | ० |
| 7 | MPH | १५८ | १२३ |
| 8 | MPhil Clinical psychology | ४ | ४ |
| 9 | MSc/clinical/bio/micro | ३१ | २७ |
| 10 | MSc. MIT | ८ | ८ |

| क्र.सं | कार्यक्रमहरू | शैक्षिक वर्ष २०८०/८१ सिटहरू | भर्नाभएका विद्यार्थी संख्या |
|---|---|---|---|
| 1१ | MPT | ५ | ५ |
| 1२ | NBMS-S | ११ | ११ |
| | **Grand Total** | **१७२४** | **१४६७** |

४. **DM/MCh/NBMSS-SS शैक्षिक सत्र २०८१/८२ को लागि निर्धारण गरिएको सिट विवरण**

| सि.नं. | कार्यक्रम | शैक्षिक सत्र २०८१/८२ (2024) |
|---|---|---|
| | | सिट |
| 1 | DM Medical Specialties | ५३ |
| 2 | DM Critical Care Medicine | १० |
| 3 | DM Emergency Medicine | ३ |
| 4 | DM Neonatology | ७ |
| 5 | MCh Surgical Specialties | ४३ |
| 6 | NBMS-SS | १३ |
| | **Total** | **१२९** |

५. चिकित्सा शिक्षा आयोग कार्यकारी समितिबाट मिति २०८१/०२/११ गते चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा आएको।

६. चिकित्सा शिक्षा आयोगबाट पहिलो र दोस्रो म्याचिङ पश्चात गरिने समापन म्याचिङबाट म्याच भएका केही उम्मेदवारहरूले भर्ना नभई सिट रिक्त रहने अवस्था देखिएको हुँदा समापन म्याचिङमा उपस्थित उम्मेदवारहरूले उपलब्ध सिटहरू छनौट गरे पश्चात् उम्मेदवारहरू अझै बाँकी रहेमा वैकल्पिक उम्मेदवार सहितको सूची प्रकाशन गर्ने र समापन म्याचिङको भर्ना समय समाप्त भएपश्चात् रिक्त रहेका सिटहरूमा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूबाट आयोगले वैकल्पिक म्याचिङ गरी भर्नाका लागि विश्वविद्यालय/प्रतिष्ठान/बोर्डमा पठाउने व्यवस्था कार्यान्वयन गरिएको।

७. चिकित्सा शिक्षाका विभिन्न तहमा सञ्चालित एकीकृत प्रवेश परीक्षामा गत विगत वर्षहरूमा विदेशी परीक्षार्थीको मात्र बायोमेट्रिक विवरण संकलन गरिएकोमा शैक्षिक वर्ष २०८०/८१ मा स्नातक र स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षामा समावेश भएका सबै परीक्षार्थीको बायोमेट्रिक विवरण संकलन गरिएको।

८. चिकित्सा शिक्षा आयोगबाट सञ्चालन गरिने चिकित्सा शिक्षाका विभिन्न कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षा लगायत विद्यार्थी भर्नासम्बन्धी कार्यक्रमहरू समावेश गरी चिकित्सा शिक्षा कार्यकारी समितिको मिति २०८१/०२/१३ को निर्णय अनुसार आर्थिक वर्ष २०८१/८२ को वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन गरिएको।

९. चिकित्सा शिक्षाका स्नातक, स्नातकोत्तर र DM/MCh तहका सबै विधाका प्रश्नपत्र तयारीका लागि प्रश्नपत्र बैङ्क स्थापना र सञ्चालन सम्बन्धमा सैद्धान्तिक अवधारण पत्र तयार गरी कार्यकारी समिति समक्ष पेस गर्न मिति २०८१/२/११ गतेको कार्यकारी समितिको निर्णयानुसार कार्यक्षेत्र (Scope) समेत तोकी गठन गरिएको कार्यदलले मिति २०८१/०३/२१ गते प्रारम्भिक प्रतिवेदन बुझाएको।

## (घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा व्यवस्था भएअनुसार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले चिकित्सा शिक्षाका क्लिनिकल विधामा स्नातक तथा स्नातकोत्तर तहमा नयाँ कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने जिम्मेवारी पाए बमोजिम विभिन्न विषयका कार्यक्रम सञ्चालन गर्दै आएको छ। नेपालको चिकित्सा शिक्षाका क्षेत्रमा छुट्टै धारका रूपमा नेसनल बोर्ड अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रमको सुरुआत भएको हो। विश्वविद्यालय र प्रतिष्ठानबाहिर सरकारी तथा निजी अस्पतालहरूमा रहेको स्रोत, साधन, जनशक्ति तथा विज्ञताको सदुपयोग गरी मुलुकलाई आवश्यक पर्ने चिकित्सकीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले स्नातकोत्तर र सो भन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न शुरू गरेको हो। बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन गर्नका लागि कानुनी प्रावधान अन्तर्गत नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि २०७७, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजअन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण कार्यविधि २०७८, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

स्वमूल्याङ्कन कार्यविधि, २०७८ नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज, बोर्ड परीक्षा सञ्चालन व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि, २०८० लगायतका कार्यविधि जारी भई कार्यान्वयनमा रहेका छन् ।

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट २०८० माघदेखि असार मसान्तसम्म भएका मुख्य मुख्य कार्यलाई देहायबमोजिम उल्लेख गरिएको छ :-

- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको स्वीकृत वार्षिक कार्यक्रम अनुसार २०८० माघदेखि असार मसान्तसम्मका तथ्याङ्क तथा सूचना समावेश गरेर चिकित्सा शिक्षा बुलेटिन प्रकाशन गरिएको ।
- चिकित्सा शिक्षा आयोगबाट प्रकाशन हुँदै आएको चिकित्सा शिक्षा पत्रिकालाई इन्डेक्समा अध्यावधिक गर्ने प्रक्रियाका लागि सम्बन्धित क्षेत्रका विज्ञहरूसँग प्रारम्भिक चरणको छलफल कार्यक्रम सम्पन्न भएको ।
- एनबिएमएस कार्यक्रम अन्तर्गत पठनपाठन हुने विभिन्न विषयका पाठ्यक्रम निर्माण सम्बन्धमा सम्बन्धित विषयका विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको । स्पेसियालिटी तहका लागि ENT Head & Neck Surgery विषयको नयाँ पाठ्यक्रम निर्माण भएको ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत यस आ व भित्र अन्तिम बोर्ड परीक्षा सञ्चालनका लागि प्रश्नपत्र तयार गर्ने प्रयोजनका लागि विभिन्न ८ वटा विषयहरूको Syllabus तयार भएको ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको अन्तिम बोर्ड परीक्षा सञ्चालनको पूर्व तयारीका सम्बन्धमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका पूर्व निर्देशकको संयोजकत्वमा गठन भएको उपसमितिले एनबिएमएसको वार्षिक शैक्षिक क्यालेण्डर, बोर्ड परीक्षाको प्रश्नपत्र निर्माण गर्न विज्ञको सूची, प्रश्न निर्माणकर्ता विज्ञहरूले पालना गर्नुपर्ने आचारसंहिता, प्रश्नपत्र निर्माणको खाका तथा सैद्धान्तिक परीक्षाको कार्यतालिका तयार पारी बोर्डबाट अनुमोदन भई स्वीकृतिका लागि कार्यकारी समितिमा पेस गरेकोमा समितिबाट स्वीकृत प्राप्त भइसकेको ।
- एनबिएमएस Capacity Building/Mandatory Training कार्यक्रम अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा भर्ना भएका रेजिडेन्टहरूका लागि नेपाल मेडिकल काउन्सिलसँग समन्वय तथा दुईपक्षीय सम्झौता गरी पाँच दिनको (CPD Module) तालीम सञ्चालन गरिएको ।त्यसैगरी चिकित्सा शास्त्र अध्ययन संस्थानको Medical Education Department सँग समन्वय तथा दुईपक्षीय सम्झौता गरी एनबिएमएस कार्यक्रममा आवद्ध भएका फ्याकल्टीहरूका लागि ६ दिने Faculty Development तालीम प्रदान गर्ने कार्य सम्पन्न भएको ।
- स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रम सञ्चालन भएका संस्थाहरूमा नियमित रूपमा गर्नुपर्ने विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कनमा विज्ञसहितको टोलीबाट परीक्षा सञ्चालन तथा अनुगमन गर्ने कार्य सम्पन्न हुँदै आएको छ ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रममा आवद्ध सिनियर फ्याकल्टी/संयोजकहरूको सहभागितामा चिकित्सा शिक्षा आयोगमा पदबहाल हुनुभएका निर्देशकहरूसँग परिचयात्मक कार्यक्रम तथा समग्र एनबिएमएस कार्यक्रमका सम्बन्धमा छलफल सम्पन्न भएको ।
- नेसनल बोर्ड अफ मेडिकल सबस्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्न स्वमूल्याङ्कन पेस गरेका संस्थाहरूमा विज्ञहरूबाट स्थलगत अनुगमन गराई प्रतिवेदन प्राप्त गरिएको छ ।
- स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा एनबिएमएस सिट निर्धारण समितिले सबस्पेसियालिटी तहका लागि सिट सिफारिस गरी बोर्डबाट अनुमोदनपश्चात कार्यकारी समितिबाट सिट निर्धारण भएकोमा सिटसम्बन्धी विवरण तल उल्लेख गरिएको छ ।
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आवश्यक पर्ने नीतिगत प्रकृतिका निर्णय गर्नका लागि राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम (३१) बमोजिमको बोर्ड बैठक नियमित बस्ने गरेको ।

## १. सिटसम्बन्धी विवरण

**Sub Specialty Seat -2081(2024)**

| S N | Name of Institute | Program | Approved Seat |
|---|---|---|---|
| 1 | Upendra Devkota Memorial National Institute of Neurological & Allied Sciences Bansbari Kathmandu | Neurosurgery<br>Neurology | 1<br>1 |
| 2 | Nepal Mediciti Hospital Bhaisepati Lalitpur | GI Surgery<br>Urology<br>Neurosurgery<br>Gastroenterology | 2<br>1<br>1<br>1 |
| 3 | Hospital For Advance Medicine and Surgery (HAMS) Dhumbarahi Kathmandu | Critical Care Medicine<br>Cardiology | 1<br>1 |
| 4 | BP Koirala Memorial Cancer Hospital Bharatpur, Chitwan (BPKMCH) | Surgical Oncology (Genito Urinary,<br>Thoracic<br>Gynecological Oncology | 1<br>1<br>1 |
| 5 | Grande International Hospital Dhapasi Kathmandu | Critical Care Medicine | 1 |
| | **Total** | | **13** |

## २. हालसम्म NBMS कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त संस्था/कार्यक्रम

| S.N | Name of Institute | Level | Program |
|---|---|---|---|
| 1 | Grande International Hospital Dhapasi Kathmandu | Specialty | Orthopedics |
| | | Sub Specialty | Critical Care Medicine |
| 2 | Nepal Mediciti Hospital Bhaisepati Lalitpur | Specialty | Pathology, Radiology, Anesthesiology, Orthopaedics ENT, Head & Neck surgery |
| | | Sub Specialty | GI Surgery, Urology, Gastroenterology, NeuroSurgery |
| 3 | B & B Hospital Gwarko Lalitpur | Specialty | Orthopedics |
| 4 | BP EYE Foundation, Lokhanthali Bhaktapur | Specialty | Ophthalmology |
| 5 | Hospital For Advance Medicine and Surgery (HAMS) Dhumbarahi Kathmandu | Sub Specialty | Critical Care Medicine<br>Cardiology |
| | | Specialty | ENT, head & Neck surgery |
| 6 | BP Koirala Memorial Cancer Hospital Bharatpur, Chitwan (BPKMCH) | Sub Specialty | Surgical Oncology(Thoracic)<br>Surgical Oncology(Genito Urinary)<br>Gynecological Oncology |
| 7 | Upendra Devkota Memorial National Institute of Neurological & Allied Sciences Bansbari Kathmandu | Sub Specialty | Neuro Surgery<br>Neurology |
| 8 | Kathmandu Model Hospital Institute of Health Sciences (KMHIHS) | Specialty | Pathology |

## ३. चिकित्सा शिक्षा आयोगलाई विपक्षी बनाई दायर भएका मुद्दासम्बन्धी विवरण

चिकित्सा शिक्षा आयोगलाई विपक्षी बनाई आ व २०८०/८१ को अवधिमा सर्वोच्च अदालत तथा उच्च अदालतमा दायर भएका मुद्दाहरूको संख्यात्मक विवरण तथा फैसलाको विवरण देहायबमोजिम रहेको छः

| सि.नं. | अदालत | दायर भएका मुद्दाको संख्या | फैसला भएका मुद्दा |
|---|---|---|---|
| १ | सर्वोच्च अदालत | १३ | ६ |
| २ | उच्च अदालत | २२ | २० |
| ३ | जम्मा | ३५ | २६ |

## ४. आयोगका अन्य गतिविधिहरू

### (क) सूचना सम्प्रेषण

चिकित्सा शिक्षा आयोगले आफूले गरेका कार्यहरू तथा सरोकारवालाहरूलाई जानकारी गराउनुपर्ने विषयमा सूचना सम्प्रेषण गर्नका लागि देहायबमोजिमका विधिहरू अवलम्बन गर्ने गरेको छ :

- वेबसाइटमा सूचना तथा जानकारी अपलोड गर्ने
- सूचना अधिकारीमार्फत् सरोकारवाहरूलाई विविध विषयमा जानकारी गराउने
- प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने र वेबसाइटमा राख्ने
- अर्धवार्षिक रूपमा चिकित्सा शिक्षा बुलेटिन प्रकाशन गर्ने
- आवश्यकता अनुसार समय समयमा प्रेस विज्ञप्ति जारी गर्ने
- प्रत्यक्ष भेटघाट अन्तर्क्रिया तथा छलफल कार्यक्रमहरूको आयोजना गर्ने।

### (ख) गुनासो व्यवस्थापन

चिकित्सा शिक्षा आयोगसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सरोकार राख्ने सरोकारवालाहरूले आयोग समक्ष कुनै गुनासो राख्न चाहेमा देहायबमोजिम राख्न सकिनेछः

- आयोगको टेलिफोन नम्बरमा सम्पर्क गर्न सकिने
- आयोगमा इ-मेलमार्फत् गुनासो पठाउन सकिने
- हेलो सरकारमार्फत् गुनासो पठाउन सकिने
- पदाधिकारी, सदस्यसचिव तथा सम्बन्धित कर्मचारीहरूसँग सम्पर्क गर्न सकिने
- आयोगमा आफैं उपस्थित भएर लिखित वा मौखिक रूपमा गुनासो तथा जिज्ञासा राख्न सक्ने।

### (ग) समन्वय तथा सहकार्य

चिकित्सा शिक्षा आयोगले आफ्नो कार्यसञ्चालनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्था, नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा उच्च पदस्थ व्यक्तित्व र विज्ञहरू, विभिन्न विश्वविद्यालय र प्रतिष्ठान तथा प्राज्ञिक संस्थाहरू, सम्बन्धित विषयगत परिषद/काउन्सिल मेडिकल तथा नर्सिङलगायतका आधिकारिक पेसागत सङ्घ संस्थाहरू, चिकित्सा शिक्षा क्षेत्रका शिक्षण संस्था र विज्ञहरूसँग सहकार्य र समन्वय गर्ने गरिएको छ।

त्यसै गरी आयोगका निर्देशनालय, पदाधिकारी र कर्मचारीकाबीच कार्यसम्पादनलाई प्रभावकारी बनाउन नियमित रूपमा छलफल बैठक तथा अन्तर्क्रिया कार्यक्रममार्फत् आन्तरिक समन्वय गर्ने गरिएको छ।

### (घ) अध्ययन कार्यदल तथा प्रतिवेदन

चिकित्सा शिक्षा आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आइपरेका समस्या समाधान गरी आफ्ना कामकारबाहीहरूलाई तथ्यमा आधारित (Evidence Based) बनाउँदै लैजानका लागि समय समयमा विभिन्न कार्यदल तथा विज्ञ समितिहरू गठन गरेर सुझाव तथा प्रतिवेदन प्राप्त गर्ने गरेको छ।यस्ता प्रकृतिका अध्ययन कार्यदलबाट प्राप्त सुझावसहितको प्रतिवेदनका आधारमा आवश्यकता अनुसार कार्यान्वयनमा लैजानका लागि उचित प्रबन्ध गर्ने गरेको छ।

## ५. आयोगका बैठक तथा कार्यक्रमका केही झलकहरू


आयोगको तेह्रौं बैठक


आयोगको चौधौं बैठक


म्याचिङ कार्यक्रमसम्बन्धी केही झलकहरू


म्याचिङ कार्यक्रमसम्बन्धी केही झलकहरू


म्याचिङ कार्यक्रमसम्बन्धी केही झलकहरू



म्याचिङ कार्यक्रमसम्बन्धी केही झलकहरू


एनबिएमएस कार्यक्रमसम्बन्धी केही झलकहरू


NBMS आन्तरिक मूल्याङ्कन



CPD तालीमको समापन समारोह



NBMS फ्याकल्टी विकास तालीम




NBMS CPD तालीम



NBMS CPD तालीम



NBMS CPD तालीम



NBMS CPD तालीम



NBMS CPD तालीम



NBMS पाठ्यक्रम निर्माण बैठक



NBMS रेजिडेन्टहरूसँग अन्तर्क्रिया



MEMIS अभिमुखीकरण

**प्रकाशक**

**चिकित्सा शिक्षा आयोग**

**नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटज**

**सानोठिमी, भक्तपुर**

फोन नं ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६,

वेबसाइट : www.mec.gov.np, इमेल : info@mec.gov.np